आज मिति २०७७/०२/१५ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा **District Covid-19 Crisis Management Center (DCCMC)** को बैठक बसि देहायको उपस्थितिमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

उपस्थिति:

सल्लाहकार :

| सि.नं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १. | कृष्णगोपाल तामाङ | प्रमुख | जिल्ला समन्वय समिति | ९८५१०८७४९० | |
| २. | अमान सिं तामाङ | प्रमुख | चौतारा साँगाचोकगढी नगरपालिका | ९७५१२५४४२४ | |

समिति:

| सि.नं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | उमेश कुमार ढकाल | प्र.जि.अ/संयोजक | जिल्ला प्रशासन कार्यालय | ९८५१२५७७७७ | |
| २ | सुशील महत | प्र.से | गोरख बक्स गण | ९८५७८३३३४७ | |
| ३ | प्रज्वल महर्जन | प्र.उ | जिल्ला प्रहरी कार्यालय | ९८५१२५५५५५ | |
| ४ | राजु पाण्डे | स.प्र.उ | सशस्त्र प्रहरी बल नेपाल | ९८५१२७२११२ | |
| ५ | अरुण कार्की | प्र.अ.अ | राष्ट्रिय अनुसन्धान जि.का. | ९८४१७०६२२१ | |
| ६ | महेन्द्र नाथ भट्टराई | जि.स.अ | जिल्ला समन्वय समिति | ९८५११४३२६३ | |
| ७ | दुर्गादत्त चापागाई | व.ज.स्वा.अ | स्वास्थ्य कार्यालय | ९८५१२०१०२६ | |
| ८ | डा.अमित प्रजापति | नि.मे.सु | चौतारा अस्पताल | ९८६५०६८२४६ | |

निर्णयहरु :

१. जिल्ला प्रशासन कार्यालय, झापाको च.नं. ४२ मिति २०७७/०२/१४ गतेको पत्रानुसार भारतबाट विभिन्न मितिमा झापा जिल्ला प्रवेश गरेका यस जिल्लाका निम्न व्यक्तिहरुलाई क्वारेन्टाईनमा राख्ने गरी पठाएकोमा निजहरुलाई सम्बन्धित पालिकाले समन्वय गरी क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

| सि.नं. | नाम,थर | लिङ्ग | वतन | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | मोहन प्रधान | पुरुष | बाहबिसे न.पा.-७ | |
| २ | सक्षम ज्योती | पुरुष | हेलम्बु गा.पा.-२ | |
| ३ | आस बहादुर तामाङ्ग | पुरुष | मेलम्ची न.पा.-६ | |
| ४ | विशाल घले | पुरुष | ठेगाना नखुलेको | |

२. गृह मन्त्रालयको च.नं. ३९६१ मिति २०७७/०२/१४ गतेको पत्रसाथ प्राप्त कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितीमा स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकहरुलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७ प्रभावकारीरुपमा कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

३. गृह मन्त्रालयको च.नं. ३९६० मिति २०७७/०२/१४ गतेको पत्रानुसार प्राप्त भएको देहाय बमोजिमको नेपाल सरकारको निर्णय कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

क. नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७/०१/२४ गतेको निर्णयानुसार २०७७ साल जेष्ठ १८ गते आइतवार मध्यरातसम्मका लागि नेपालको अन्तराष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सबै विन्दु र खुला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरुको आवागमन स्थगित गर्ने सम्बन्धी निर्णय यथावत राख्ने ।

ख. कोभिड-१९ को संक्रमणको कारणबाट निधन भएको व्यक्तिको शव व्यवस्थापन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको शव व्यवस्थापन सम्बन्धी प्रोटोकल, २०७७ बमोजिम स्थानीय प्रशासनको समन्वयमा नेपाली सेनाले गर्ने ।

४. गृह मन्त्रालयको च.नं. ३९५७ मिति २०७७/०२/१४ गतेको पत्र बैठकमा पढीबाची सुनियो । अस्पतालहरुमा बिरामी तथा स्टाफहरु कोभिड-१९ पोजेटिभ देखिएपछि अस्पताल सिल गर्ने गरिएकोमा यसरी सिल गर्दा अस्पतालबाट प्रदान गरिने नियमित र आकस्मिक सेवा समेतमा अवरुद्ध हुन जाने हुनाले सो सम्बन्धमा कोरोना बिरामी भेटिएको वार्ड/कोठा/विभागलाई मात्र सिल गर्ने, सिल गरिएको वार्ड/कोठा/विभागलाई चार घण्टासम्म खाली राखी Disinfection गर्ने, disinfection पश्चात अरु वार्ड/कोठा/विभागमा पूर्ववत ढंगबाट सुचारु गर्ने गराउने व्यवस्था मिलाउन स्वास्थ्य कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

५. जिल्लास्थित सरकारी कार्यालयहरुमा कार्यरत कर्मचारीहरुमा कोभिड-१९ को संक्रमण देखिएमा सिंगो कार्यालय सिल नगरी संक्रमितहरुलाई आईसोलेसन कक्षमा राखी उपचार गर्ने, संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरुलाई आवश्यकता अनुसार क्वारेन्टिन वा आइसोलेशनमा राखी कार्यालयको सेवा नियमित रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

६. "कोरोना भाइरस (COVID-19) सम्बन्धी क्षेत्रीय स्तरका क्वारेण्टिनमा बस्ने व्यक्तिहरुको लागि मनोसामाजिक परामर्श योग तथा आयुर्वेदिक व्यवस्थापन कार्यको लागि बनेको कार्यविधि २०७७" हाल क्षेत्रीय स्तरका क्वारेण्टिनमा लागु हुनेगरी अनुमोदन गर्ने र यो कार्यविधि कार्यान्वयनको लागि सम्बन्धीत उपसमितिलाई निर्देशन दिने समेत निर्णय गरियो ।